सुर्यगढी गाउँपालिका,चोकदे,नुवाकोट
आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

**“शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पूर्वाधार
प्रकृति र संस्कृति सूर्यगढीको आधार”**

**कार्यपालिकाका उपाध्यक्षज्यू, सम्पूर्ण जनप्रतिनिधज्यूहरु, प्रमुख प्रशासकिय अधिकृतज्यू,तथा सम्पूर्ण कर्मचारीज्यूहरु** लगायत सम्पूर्ण उपस्थित महानुभावहरुलाई सूर्यगढी गाउँपालिकाको गाउँ सभामा आ.व २०७७०७८ को लागि बजेट नीति तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको अध्यक्षको तर्फ वाट हार्दिक स्वागत गर्न चाहान्छु । सूर्यगढी गाउँपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म आफुलाई असाध्यै भाग्यमानी ठानेको छु ।

**उपाध्यक्ष एव्म सदस्यज्यूहरु,**

सत्तरी दशक लामो नेपाली जनताको संविधान आफैले लेख्ने सपना बमोजिम नेपालको संविधान जारी भएको अवस्था हामी सबैलाई सर्वविद्धितै छ । यो सपनामा धेरै सहिदहरुको बलिदान आम नेपाली जनताको त्याग विभिन्न राजनैतिक जन आन्दोलन तथा सशस्त्र संघर्षका पिडादायी पक्ष इतिहासका पानामा रहेका छन् । नेपालीहरुको सपना बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचनामा हाल तिन तहको सरकारको उपस्थितिले जनतामा विकास निर्माण तथा दैनिक सेवा प्रवाहमा छिटो छरितो तथा प्रभावकारी सेवामा जोड दिंदै आएको छ । संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले संविधानले तोके बमोजिम आआफ्नो क्षेत्रबाट सेवा प्रवाह, विकास निर्माण, आपसी सम्बन्ध सुमधुर गर्दै सबै नेपाली जनतामा सरकारको अनुभूति दिलाउन सफल भएको अवस्था विद्यमान छ । यी परिवर्तन गर्न धेरै नेपालीको योगदान तथा संघर्षको स्थितिमा देश विकासको अवस्था अत्यन्त दयनीय भई देश विकासमा हिंसाले धेरै वर्ष पछाडि धकेलिएको अवस्था छ । अवस्था यस्तो हुँदा हुँदै पनि नेपाली जनताको सुखि र खुसी तथा समृद्ध देशको नागरिक हौं भन्ने भावनाको विकास गर्न अहिलेको अवस्थाबाट हामी सबै समाजका उत्कृष्ट ब्यक्तीहरु, जनता, संचार क्षेत्र कर्मचारी सबैको साथ सहयोग र एकताले नै समृद्धि हासिल गर्ने बाटोमा अगाडि बढ्नु छ । अहिलेको अवस्थामा कोभिड–१९ महामारी न्यूनीकरण कार्यक्रमलाई उच्च प्राथमिकता दिई यसको रोकथाम, नियन्त्रण र प्रतिकार्यको व्यवस्था गर्दै पालिकाभित्र आवश्यक औषधी, औषधिजन्य सामग्री तथा सुरक्षा सामाग्रीहरुको सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरी यस माहामारीबाट जनतालाई सुरक्षित राख्नुपर्नेछ । यस गाउँपालिकाले यस महामारी रोकथामको लागि आवश्यक रकम ब्यवस्था गरिने र संविधानले निर्देश गरे अनुरुप मौलिकहकको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा सवै नागरिकको सहज पहुँचमा पुग्नेगरी प्रभावकारी रुपमा उपलब्ध गराउनु पर्ने अवस्था छ । सबैले जनतानै केन्द्र विन्दुमा राखेर विकास निर्माणको काममा हालेमालो गर्नु अपरिहार्य हो । यसको विपरित गएर इतिहास विर्सेर नेपाली जनताको त्याग, सहिदको बलिदानी विर्सेर कोही कतै पनि व्यक्तिगत हित, राजनैतिक लाभ तर्फ केन्द्रित हुन पुग्यो भने त्यसले समग्र देशलाई नै अहित हुने र राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिकतामा खलल पुग्ने निश्चित छ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

सुर्यगढी गाउँपालिका,चोकदे,नुवाकोट
आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

सूर्यगढी गाउँपालिकाको सन्दर्भमा पनि हामी सबैको एकताले नै सूर्यगढी गाउँपालिकालाई अहिलेको अवस्थाबाट समृद्ध गाउँपालिका बनाउन तथा यहाँको जनताको तिब्र आर्थिक विकास गर्नमा सहयोग पुग्नेछ ।

विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक ब्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर तर्फ उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन् ।

त्यसैगरी, थुप्रै चुनौती हुँदाहुँदै पनि हामी सँग प्रशस्त सम्भावनाहरु पनि रहेका छन् । प्राकृतिक श्रोत र साधनले भरीपुर्ण, धान, मकै,कोदो, अदुवा, आलु, अन्य सागसब्जी आदीको उत्पादन, सिमेन्ट ढुँगाको खानी, कला र संस्कृती, सामुदायिक वन, श्रममा रमाउने परिश्रमी र श्रमजिवी जनता,समग्र विकास निर्माणको लागि सूर्यगढी गाउंपालिकावाट पारित भएका ऐन कानुन र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिने चुस्त कर्मचारी संयन्त्र र अभिभावकको भूमिका निर्वाह गर्ने निर्वाचित जनप्रतिनिधीहरु हाम्रो विकासको सम्भावना हुन् । यिनै सम्पूर्ण सम्भावनालाई आत्मसात गर्दै सूर्यगढी गाउँपालिकाको विकास निर्माणमा सवैको साथ र सहयोग अपरिहार्य रहेको छ ।

स्थानीय तहहरुको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधान २०७२ ले स्थानिय सरकारको परिकल्पना गरे अनुसार २०७४ बैशाख ३१ गते स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जनताको जनमतले हामी निर्वाचित भई यस सूर्यगढी गाउँपालिकाको नेतृत्व समालेका छौं । करिव ३ वर्षको यस कार्यकाल सम्म आइपुग्दा हामीलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्ने राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गैर सरकारी संस्था तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगका लागि म सवै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधीलाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारको **“सम्वृद्ध नेपाल, सुखी नेपाली”** भन्ने नारालाई आत्मसात गर्दै सूर्यगढी गाउँपालिका भित्रका नागरिकहरुलाई सम्वृद्ध र सुखी वनाउन हामी जननिर्वाचित सम्पूर्ण प्रतिनिधीहरु फुटेर होइन जुटेर, बहुमतिय हैन सहमतिय अभ्यासवाट विकास निर्माणमा एकजुट भई अगाडि बढ्ने प्रण गरौं । हाल सम्म आइपुग्दा सूर्यगढी गाउँपालिकाले गाउँपालिका संचालनको लागि २२ वटा कानुन निर्माण गरिसकेको छ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

सुर्यगढी गाउँपालिका,चोकदे,नुवाकोट
आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

## गाउँपालिकाको दीर्घकालिन सोच

१.आय बृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिम न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अतिकम विकसित गाउँपालिकाबाट विकासशिल गाउँपालिकाको रुपमा स्तरोन्नती गर्ने ।
२.विपन्न बर्गको जीवनस्तर उकास्दै मध्यम बर्गमा परिणत गर्न आवश्यक कदम चलाइने ।

## योजना तर्जुमाका आधारहरु

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपाल सरकार आ.व ०७६ ।७७ को नीति तथा कार्यक्रम
- राष्ट्रिय  प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ र प्रदेशको आवधिक योजना ।
- स्थानीय स्रोत साधन
- संघ, प्रदेश र स्थानीय तहले जारी गरेका नीति, कानून तथा मापदण्डहरु

## आगामि आ.व. २०७७/०७८ को लागि तय गरिएका प्राथमिकताका क्षेत्रहरु :-

- स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कोभिड-१९को जोखिम बाट यस गाउँपालिका भित्रका नागरिकको जीवन रक्षा लगायतका आधारभूत स्वास्थ्य क्षेत्र,
- मानविय विकास नै भौतिक विकासको आधार भएको हुनाले  शिक्षा क्षेत्र,
- आत्म निर्भर हुने गरी कृषि तथा पशु उत्पादनमुखी, व्यवसायमुखी तथा स्वरोजगारमुखी कार्यक्रमहरु,
- साहित्य,कला संस्कृतिको संरक्षण र प्रवर्द्धन,
- गरिवी निवारण, पूर्ण सरसफाई तथा लैङ्गिक तथा समावेशी विकासका लागि सामाजिक परिचालन कार्यक्रम,
- स्थानीय स्रोत साधन र सीपको प्रयोग,
- महिला बालबालिका तथा पिछडिएको क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यक्रम,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने कार्यक्रम,

## ६  उपाध्यक्ष एवंम सदस्य ज्युहरु,

आ.ब. २०७७/०७८ का लागि सूर्यगढी गाउँपालिकाको समग्र विकास नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

सुर्यगढी गाउँपालिका,चोकदे,नुवाकोट

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

## १. आर्थिक विकास

### क) कृषि तथा पशु विकास नीति

- आ.व. २०७७०७८मा **"एक वडा एक उत्पादनको कार्यक्रम"** लाई लागू गर्दै आवश्यकत्ताको आधारमा नयाँ थप तथा परिमार्जन गरी लागू गरिने छ।
- उत्पादित कृषि तथा पशुजन्य वस्तुहरुको बजारीकरण तथा मूल्य समायोजनमा एकरुपता ल्याउन जोड दिइनेछ।
- अदुवाको पकेट क्षेत्र प्रशोधन केन्द्र स्थापना गर्न विशेष पहल गरिनेछ।
- रासायनिक मल तथा विषादी प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै यस गा.पा.मा अर्गानिक खेतीलाई प्रोत्साहन गर्दै लगिनेछ।
- जिल्लाका व्यापारीहरुसंगको आन्तरिक समझदारीमा स्थानीय उत्पादित कृषिजन्य वस्तुहरुको सामान साटासाटको पैंचो पसल संचालन गर्न पहल गरिनेछ।
- पशु तथा कृषि बिमाको लागि कृषकलाई जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- माटोको नमुना लिने र सोही माटो सुहाउँदो खेती गर्न कृषकलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाइनेछ। ।
- "एक घर ५ फलफुलका बोट" अभियान संचालन गर्नको लागि फलफुलका विरुवामा अनुदानको व्यवस्था गरिनेछ।
- टनेल तरकारी खेतीलाई प्रोत्साहन गर्दै कृषकलाई टनेल निर्माणमा अनुदान दिइनेछ।
- पशुपालन सहित घाँस खेती गर्नलाई कृषकलाई प्रोत्साहन गरिनेछ।
- व्यवसायिक रुपमा स्थानीय जातका कुखुरा तथा बाखा पालन गर्ने कृषकहरुलाई पेशामा आकर्षण गर्नको लागि अनुदानको व्यवस्था गरिनेछ।
- पशु पालनलाई व्यवस्थित गर्नको लागि भकारो सुधार, खोर सुधार तथा नश्ल सुधार कार्यक्रम प्रत्येक वडामा क्रमश लागु गरिनेछ।
- सूर्यगढी गाउँपालिका मासु, अण्डा र दुधमा आत्म निर्भर गाउंपालिका बनाउन मुख्य ध्यान केन्द्रित गर्दै निर्यात गर्न सक्ने बनाउन कृषकलाई प्रोत्साहन गरिनेछ।
- मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमलाई व्यवस्थित, नियमित तथा निरन्तरता दिन पहल गरिनेछ।
- एक वडा एक गरिवी निवारण कार्यक्रम लागू गरिनेछ।
- कृषक तालिम, अन्तरक्रिया, भ्रमण, गोष्ठीहरु संचालन गरिनेछ।
- जमीन बाँझो राख्ने परिपाटीको अन्त्य गर्दै उक्त जमीनमा आधुनिक कृषि एवं पशुपालन गर्न प्रोत्साहित गरी सो क्षेत्रबाट अधिक रोजगारी सृजना हुने वातावरण तयार गरिनेछ।
- गत बर्ष देखी लागू गरिएको पशु सुत्केरी भत्ता लाई निरन्तरता दिइने छ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

## ख) घरेलु तथा साना उद्योग तर्फको नीति :

- लोप हुन लागेका स्थानीय सीपहरुको खोजी गरी संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकासका तालिमहरु संचालन गरिने छ ।
- नयाँ व्यवसायका क्षेत्रहरुको पहिचानको लागि उद्यमशिलता सम्बन्धि तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जिल्ला घरेलु कार्यालयसँग सम्पर्क गरी घरेलु उद्योग सम्बन्धी कार्यक्रम समन्वय, साझेदारी तथा सहकार्यमा अगाडि बढाइनेछ ।
- पुराना स्थानीय सीपहरुलाई निरन्तरता दिँदै बजारी खादाको रुपमा घरबुना पछ्यौरा उत्पादनमा जोड दिइनेछ ।
- परम्परागत आरनघरलाई सुधार गर्दै व्यवसायिक आरनघर निर्माणमा जोड दिइनेछ ।

## ग) पर्यटन नीति :

- पर्यटन गुरुयोजना बनाउँदै धार्मिक तथा पर्यटकीय स्थलहरु क्रमशः निर्माण गर्दै लगिनेछ ।
- सूर्यगढी ऐतिहासिक स्थललाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक व्यवस्था गरिने छ । गाउँपालिकाले आवश्यकता अनुसार प्रदेश सरकार र सघिंय सरकारसँग समन्वय एवं सहकार्य गर्ने छ । सूर्यगढी गाउँपालिका वडा नं.३ चोकदेमा अबस्थित तिन थुम्की निर्माण गरी बागेश्वरी मन्दिर, सूर्यगढ़ी ऐतिहासिक स्थल अबलोकन गर्दै कराँचे बाटो हुँदै बोहोरे भन्ज्यांङ फटपुर चमेरो गुफा सम्मको पर्यटन रुट निर्माण गरी पर्यटन प्रबर्द्धन गर्न आवश्यक पुर्बाधारको निर्माणको नीतिलाई निरन्तरता दिईएको छ । कला र संस्कृति, पुरानो भेषभुषा, नाच, स्थानीय उत्पादनको खाना, ढिकी, जाँतो तथा परम्परागत घरहरुको संरक्षण र निर्माण कार्यमा आर्थिक सहयोग दिइनेछ ।
- कला संस्कृतिको जगेर्ना गर्न हरेक वर्ष पालिका स्तरीय प्रदर्शन प्रतियोगिता मार्फत पर्यटनमा जोड दिइनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारको समन्वयमा हरियाली पार्क स्थापना गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्रका प्रत्येक वडामा होम स्टे निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने मूल मार्गहरुमा सिमा प्रवेशद्वार निर्माण गरी भौगोलिक सिमाङ्कनलाई थप व्यवस्थित गरिनेछ ।

## घ) सहकारी तथा गरिवी निवारण :

- गाउँपालिका स्तरीय  सहकारी समन्वय समितिद्वारा सहकारी संस्थालाई अझ व्यवहारिक, सरलीकरण तथा प्रभावकारी बनाउँदै सञ्चालन गरिनेछ ।
- सहकारी संस्था संचालनमा आइपर्ने समस्याहरु व्यवस्थापन तथा लेखा सम्बन्धी तालिम लाई निरन्तरता दिइनेछ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- उत्कृष्ठ सहकारीलाई प्रोत्साहनको लागि पुरस्कारको व्यवस्था गरिनेछ ।
- विपन्न वर्गहरुको पहिचान गरी सहकारी मार्फत विना धितोको ऋण दिने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारीहरु बीच असल अभ्यास आदानप्रदानको लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारीको माध्यमबाट सीप हस्तान्तरण नीति अवलम्बन गरी विभिन्न क्षमता विकास, सीप विकास तथा आय आर्जन सम्बन्धी तालिम दिइनेछ ।
- गाउँपालिका भित्रका सहकारीलाई प्रोत्साहन गरिनेछ ।
- बिपन्न लक्षित'गरीब संग बिश्वेश्वर'कार्यक्रम सँग समन्वय गर्दै तोकिएका वडाहरुमा विशेष कार्यक्रम लागू गरिने छ ।

### ङ) वित्तीय क्षेत्र

- नेपाल इन्भेटमेण्ट बैंकको शाखा चोकदेमा रहेकोमा गाउँपालिकाको वडा नं ४ र ५को जनताको सहजताको लागि पिप्ले,फेदिवेशीमा एक्सटेन्सन काउन्टर स्थापना गर्न पहल गरिनेछ ।

## २. सामाजिक विकास नीति

### क) शिक्षा

- नेपाल सरकारको नीति अनुसार एक पालिका एक प्राविधिक शिक्षा स्थापना गर्न सम्बन्धित निकायसंग माग गरिनेछ ।
- गाउँपालिकाको शिक्षा ऐन तयार भएकोले सोको पूर्ण कार्यान्वयनका लागि थप कार्यविधिहरु निर्माण गरीने छ ।
- संघिय सरकारले तोकेको मापदण्डमा रहि आवश्यकताको आधारमा विद्यालय मर्ज तथा दरवन्दी मिलान गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्र.अ. को प्रशासनिक क्षमता विकास तालिम साथै विषयगत शिक्षकको क्षमता विकास तथा नविनतम शिक्षण विधि तालिम संचालन गरिनेछ ।
- संचालनमा रहेका बालविकास केन्द्रलाई निरन्तरता दिँदै आवश्यकताका आधारमा नयाँ थप गरिनेछ ।
- कक्षा ३ सम्मका विद्यार्थीहरुलाई क्रमशः मातृभाषा, नेपाली, अंग्रेजी भाषामा पोख्त बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा खेलकुद, मनोरञ्जन तथा सृजनात्मक क्रियाकलाप सञ्चालन गरी अतिरिक्त क्रियाकलापहरुमा समेत विद्यार्थीको क्षमता विकास गरिनेछ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- शिक्षाविद्,बुद्धिजिवी,समाजसेवी विभिन्न संघ संस्थाहरुसँगको समेत सल्लाह,सुझाव लिएर मात्र व्यवहारिक प्राविधिक समयानुकुल सिकाई उपलब्धि थप गर्दै लाने नीति लिइनेछ ।
- कक्षा १ देखि १२ सम्म समग्रमा उत्कृष्ट परिणाम ल्याउने विद्यालय, शिक्षक शिक्षिका तथा विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, अभिभावकलाई नियमित रुपमा विद्यार्थी गतिविधि, विद्यालय सञ्चालन तथा विद्यालयको क्षमता विकासको बारेमा छलफल हुने व्यवस्था मिलाईनेछ ।
- कक्षा ५ सम्मको विद्यार्थीहरुलाई दिवा खाजा लाई थप व्यवस्थित गरिनेछ ।
- आधारभूत तथा माद्यामिक विद्यालयहरुमा कम्प्युटर शिक्षा लागू गर्दै इन्टरनेटको सुविधा क्रमश: विस्तार गरिनेछ ।
- कक्षा ५ र ८ मा अन्तर विद्यालय स्तरीय परीक्षा संचालन तथा उत्तर पुस्तीका परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षक दरवन्दिको मापदण्ड तोकी, मापदण्ड भन्दा कम शिक्षक दरबन्दी भएका विद्यालयमा शिक्षक तलब भत्ताको लागि निश्चित रकम उपलब्ध गराइनेछ ।
- माध्यामिक तहमा शुन्य दरबन्दी(अंग्रेजी,गणित,विज्ञान शिक्षण)को लागि विशेष अनुदानको ब्यवस्था गरिनेछ ।
- बालविकास सहयोगी कार्यकर्ता,विद्यालय कर्मचारी र कार्यालय सहयोगीका लागि विशेष भत्ताको ब्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा कुनै पनि बहानामा विद्यार्थीबाट शुल्क उठाउन बन्देज गरिनेछ ।
- ‘एक विद्यालय एक नर्स’ कार्यक्रमलाई ब्यबस्थित गर्दै थप कोटा माग गरिनेछ ।
- नमुना विद्यालय छनौट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- विद्यालय अनुगमन लाई अझै चुस्त दुरुस्त बनाउन कार्यक्रम बनाइने छ ।
- शिक्षाको मूलधारबाट बञ्चित किशोर किशोरीहरुका लागि बैकल्पिक शिक्षाको लागि पहल गरिनेछ ।

**ख) स्वास्थ्य**

- अहिलेको अवस्थामा कोभिड–१९ महामारी न्यूनीकरण कार्यक्रमलाई उच्च प्राथमिकता दिई यसको रोकथाम, नियन्त्रण र प्रतिकार्यको  व्यवस्था गर्दै पालिकाभित्र आवश्यक औषधी, औषधिजन्य सामग्री तथा सुरक्षा सामाग्रीको  सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरी माहामारीबाट जनतालाई सुरक्षित राखिनेछ । यसका लागि आवश्यक रकम ब्यवस्था गरिनेछ ।
- कोभिड–१९ महामारी संक्रमणलाई मध्यनजर गरी समुदाय भित्रका अत्यावश्यक जानकारी लिई सम्बन्धित निकायमा जानकारी दिन महिला स्वास्थ्य स्वयंसेविका हरुलाई परिचालन गर्ने र सो प्रयोजनका लागि आवश्यक सञ्चार खर्चको ब्यवस्था गरिनेछ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- प्रत्येक वडामा कुनैपनि समयमा हुनसक्ने दुर्घटनालाई मध्यनजर गरी उपयुक्त स्थानमा बाह्रै महिना सञ्चालनमा आउन सक्ने हेलिप्याड निर्माण गरिनेछ ।
- 'स्वस्थ रहनु सबैभन्दा ठूलो, सबैघरमा आधुनिक चुलो' अभियान शुरु गरिनेछ ।
- सबै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालन तथा वडा नं. ३ चोकदेमा ल्याब सेवाको स्तरोन्न्ती गरीनेछ ।
- किशोर किशोरीहरुको लागि प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुत्केरी स्वास्थ्य बिमा कार्यक्रमलाई शुरु गरीनेछ ।
- जंगली च्याउ खानेबानी निरुत्साहित गर्न व्यापकरुपमा प्रचार प्रसार गरिनेछ ।
- स्वास्थ्य र सरसफाई कार्यक्रमलाई प्रोत्साहन गर्न विद्यालय तथा बस्तीहरुको सरसफाई अभियान लागू गरिनेछ
- 'मादक पदार्थ सेवन हटाउ, बजारी पेय पर्दा घटाउ' अभियान सुरुवात गरिनेछ ।
- सार्वजनिक स्थानमा सूर्तिजन्य पदार्थ सेवनलाई कडाईका साथ निरुत्साहित गरिनेछ ।
- सम्पूर्ण आ.वि. तथा मा.वि हरुमा सेनेटरी प्याड वितरण कार्यक्रम गरिनेछ ।
- आयुर्वेदिक सेवाको चेतनामूलक कार्यक्रम गरी शिविर सञ्चालन गरिनेछ ।
- नेपाल सरकारको नीति अनुसार महिला स्वयंसेविकाहरुलाई थप प्रोत्साहन गरिनेछ ।
- घरदैलो जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारसंग गाउँपालिका भित्र १५ शैयाको हस्पिटल स्थापना गर्नको लागि प्रदेश सरकार मार्फत पहल गरिनेछ ।
- विभिन्न सर्ने, नसर्ने रोगहरु, कोरोना, एच.आई.भी. एड्स नियन्त्रण, आखा शिविर, महिलाहरुको आँङ खस्ने समस्या,पाठेघरको मुखको क्यान्सर परिक्षणलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- स्वास्थ्य संस्थाहरुमा निशुल्क उपलब्ध गराउने औषधिको पर्याप्त मात्रामा व्यवस्था गरिनेछ ।
- संचालनमा भएको गाउँघर क्लिनिकलाई उचित व्यवस्थापन गरिनेछ ।
- विद्यालय हाता बाहिर वडा कार्यालय र वि.व्य.स.ले तोकेको सिमाक्षेत्र भित्र मादकपदार्थ तथा सूर्तीजन्य वस्तुहरु र जंकफुडको बिकि वितरणमा पूर्णरुपमा निषेध गरिने छ ।

**ग) खानेपानी तथा सरसफाईतर्फ :**

- प्रत्येक टोलमा खानेपानी धारा निर्माण अभियान संचालन गरि 'एक घर एक धारा अभियान' समेत सञ्चालन गरिनेछ भने वडा नं.२ गोगने देखी वडा नं.४ हिरामुनीटार सम्म यसै बर्ष सम्पन्न गरिने छ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- खानेपानीको साथ साथै सरसफाई तथा पूर्ण सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ।
- खानेपानी आयोजनालाई दिगो र टिकाउ बनाउनको लागि समूदायलाई योजना हस्तान्तरण गरी समूदायबाट नै मर्मत सम्भारको व्यवस्था मिलाइनेछ।
- सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोरमैला व्यवस्थापनको लागि प्रत्येक वडामा टोल विकास समिति गठन गरी आवश्यक ठाउँमा फोहोर बिसर्जन स्थल तोकिनेछ।
- ठूला खानेपानीका आयोजना निर्माण र सम्पन्न गर्नका लागि संघ वा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ।

**घ) संस्कृति प्रवर्द्धन**

- यहाँको भाषा, कला, परम्परालाई जीवन्त बनाउन “भाषाको सँस्कृतिको संरक्षण गरौं, बालबालिकालाई मातृभाषा सिकाऔं” अभियान सञ्चालन गरिनेछ।
- यहाँका परम्परागत घर जोगाई राख्न परम्परागत घर निर्माणमा प्रोत्साहन  गरिनेछ।
- धार्मिक तथा साँस्कृतिक सम्पदालाई व्यवस्थित गर्दै विभिन्न मठ, मन्दिर, गुम्बा, विहार स्थापनामा जोड दिइनेछ।

**ङ) खेलकुद तथा मनोरञ्जन**

- युवाहरुको खेलकुदको रुचिलाई ध्यानमा राखी फूटबल, भलिबल, कराँते, तेक्वान्दो, एथ्लेटिक्स, बक्सिङ जस्ता खेलहरु समेत सञ्चालन गरिनेछ।
- एक वडा एक खेल मैदानको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- गाउँपालिकास्तरको खेलमैदानको विस्तार गर्न केन्द्र सरकारसँग पहल गरिनेछ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- वडास्तरीय छनौट खेल सञ्चालन गरी अध्यक्षकप प्रतियोगिता सञ्चालन गरीनेछ।

**च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**अ. महिला तथा बालबालिका सम्बन्धि**

- गाउँपालिका स्तरीय महिला समन्वय समिति मार्फत विभिन्न सीपमूलक तालिम, क्षमता विकास, आय आर्जनको तरिका बृद्धिमा जोड दिने तथा निरन्तरता दिइनेछ।
- लैंगिक हिंसा अन्त्यको लागि वडा तथा पालिकास्तरीय कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- महिलालाई अवसरहरुमा पुरुष सरह प्राथमिकता दिइनेछ ।
- बाबु-आमा विहिन बालबालिकाको लागि विशेष संरक्षण कार्यक्रम लागू गरिने छ ।
- एकल महिलाहरुको मागमा आधारित आयमूलक आत्मनिर्भर कार्यक्रम लागू गरिनेछ ।
- बालबालिका तथा महिलाहरुको विभिन्न दिवस समारोह तथा अभियानहरुको कार्यक्रमलाई उल्लासका साथ मनाउने व्यवस्था मिलाइनेछ ।

आ. दलितः

- परम्परागत हातहतियार तथा औजारहरुको उत्पादनलाई निरन्तरता दिन तालिम दिने व्यवस्था मिलाइनेछ ।
- परम्परागत पेशालाई समायानुकुल बनाउन परिवर्तन गर्दै पेशागत सुधारको लागि विभिन्न प्रविधिहरु उपलब्ध गराई स्वरोजगार हुने व्यवस्था मिलाइनेछ ।
- दलित समुदायको उत्थानको लागि उनिहरुको मागमा आधारित आय आर्जनका तालिमको व्यवस्था गरिनेछ ।
- सुधारिएको आरन कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- पञ्चेबाजा संरक्षण तथा सम्बर्द्धनमा जोड दिइनेछ ।

इ. फरक क्षमता(अपाङ्गता) तर्फ

- अपाङ्गहरुको प्रकृति अनुसार नगद वितरण भन्दा सीपमूलक, क्षमतामूलक कार्यक्रम लागू गरिनेछ ।
- प्रकृति अनुसारको अपाङ्ग परिचयपत्र वितरण गरिनेछ । आर्थिक कमजोर भएका अपाङ्ग विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गरिनेछ ।
- अपाङ्गहरुको मागमा आधारित अन्य कामहरु गरिनेछ ।
- अपाङ्गता भएका ब्यक्तिहरुको अपाङ्गताको प्रकार हेरी पुर्नस्थापना कार्यक्रम लागू गरिने छ ।

ई. लक्षित (आदिवासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक) वर्ग

- लक्षित वर्गहरुको सीप,क्षमता विकास तथा आय आर्जनको लागि विभिन्न सीप, क्षमता तथा आयमुलक तालिम कार्यकमहरु संचालन गरिनेछ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- लक्षित वर्ग अन्तर्गतका वर्गहरुको परम्परागत पेशालाई समयानुकुल परिवर्तन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलव्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- विद्यालयमा अध्ययन गर्ने जेहेन्दार लक्षित वर्ग अन्तर्गतका वालवालिकाहरुलाई अध्ययन कार्यमा सहयोग पुऱ्याउनको लागि आवश्यकता अनुसार अध्ययन सहयोग सामग्रीहरु वितरण गरिनेछ । त्यसैगरी उच्च शिक्षामा अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरुलाई गाउँपालिकाको तर्फबाट अध्ययन कार्यमा निरन्तरताको लागि थप प्रोत्साहन सहयोगको नीति लिइनेछ ।
- उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी लोकसेवा/शिक्षक सेवा जस्ता सरकारी सेवाहरु तर्फ प्रेरित गर्न बिभिन्न तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्नको लागि निर्देशिका तथा कार्यविधि तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यक्रम सञ्चालन गरिनेछ ।

उ. युवा वर्ग :

- विश्वव्यापी कोभिड-१९ को महामारीको कारणले रोजगारी गुमाएर भारत लगायत अन्य मुलुकबाट फर्किएका स्थानीय नागरिकहरुको तथ्याङ्क लिएर उनीहरुको योग्यता, सीप, क्षमता र अनुभवको आधारमा वर्गीकरण गरी श्रम बैंक मार्फत रोजगारी उपलब्ध गराईनेछ ।
- धुम्रपान, मद्यपान तथा दुर्व्यसन तर्फ लाग्न नदिन यूवा लक्षित चेतनामूलक कार्यक्रम लागु गरिनेछ ।

ऊ. जेष्ठ नागरिक :

- जेष्ठ नागरिकको शारिरीक अवस्थालाई ध्यान दिँदै सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी व्यवस्था मिलाइनेछ ।
- अथाह अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दै जेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई सामाजिक विकासको क्षेत्रमा लगाइनेछ ।
- हरेक जेष्ठ नागरिकलाई घरघरमै निःशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिक परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिकलाई न्यानो लुगाको लागि दिइएको भत्ता लाई निरन्तरता दिइनेछ ।
- जेष्ठ नागरिकको उच्च मनोबल बृद्धिका लागि भेटघाट चौतारी निर्माण गरी धार्मिक तथा साँस्कृतिक मनोरञ्जनको कार्यक्रम ल्याइनेछ ।
- जेष्ठ नागरिकलाई पारिवारिक अवहेलना बाट मुक्त गर्न सरोकारवालाहरु बीच अन्तर्क्रिया कार्यक्रम लागू गरिनेछ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

### ऐ. न्यायिक समितिको क्षमता विकासः

- न्यायिक समितिको कार्य सम्पादनलाई सहज बनाउनको निम्ति न्यायिक समितिका पदाधिकारीहरुलाई कानुनी तालिम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरी त्यहिँबाट विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिले निरुपण गर्ने अधिकार क्षेत्रहरुको विवादका विषयहरु प्रत्येक वडा कार्यालयहरुमा टाँस गरी प्रचारप्रसार गरिनेछ ।
- न्यायिक समितिलाई विवाद निरुपणको लागि इजलास कक्ष र अन्य भौतिक व्यवस्थापन गरिनेछ ।

## ३. पूर्वाधार विकास

### क) सडक पुल तथा झोलुङ्गे पुलः

- सूर्यगढी-५ फेदिबेशी बाट हिरामुनीटार हुदै गाउँपालिका सम्म जाने सडक बिना अवरोध सदावहार रुपमा संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- सूर्यगढी-५ फेदिबेशी बाट दाम-चोकदे-कुवापानी हुँदै रसुवा जाने सडकको पक्की नाली र ग्राभेल सहितको स्तरोन्नती गरिनेछ ।
- लब्धु-हल्दे हुँदै चोकदे जाने सडकको पक्की नाली र ग्राभेल सहितको स्तरोन्नती गरिनेछ ।
- गाउँपालिका केन्द्र भित्र चोकदे बजार क्षेत्र ७५/२५ लागतको अवधारणामा करिव २ किमि सडक कालोपत्रे गरिनेछ ।
- गाउँपालिकाको केन्द्र देखि सबै वडाहरुमा बाह्रै महिना गाडी चल्ने गरी सडकको स्तरोन्नती गरिनेछ ।
- सडकको उपयोगिता र प्रभावकारिताको आधारमा वर्गीकरण गरी क, ख र ग स्तर निर्धारण गरिनेछ । जसकोलागि क्रमशः १० मिटर, ८ मिटर र ६ मिटर चौडा कायम गरिनेछ ।
- सञ्चालनमा रहेका सबै सडकहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सबै वडामा निर्वाधरुपमा बस सेवा सञ्चालनको लागि बाटो स्तरोन्नती गरिनेछ ।
- झोलुङ्गे पुल आवश्यक भएका स्थानमा थप झोलुङ्गे पुल निर्माणको लागि संघिय सरकार, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु सँग समन्वय गरिनेछ ।

### ख) सिँचाई तर्फ :

- सिँचाईको सुविधाबाट वञ्चित खेत तथा फाँटहरुमा आवश्यक बजेटको व्यवस्था गरी कृषि उत्पादनमा जोड दिइनेछ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- अपुरा रहेका सिँचाई योजनाहरुलाई निरन्तरता दिइनेछ ।
- मझौला तथा ठूला सिँचाई योजनाहरुको पहिचान गरी सिँचाई डिभिजन, प्रदेश सरकार र केन्द्र सरकारसँग अनुरोध गरिनेछ ।
- ढुग्रेखोला मुहान गरी पानमती नेपालटार सिँचाई, अधेरीखोला मुहान गरी कल्छे हुदै बेलडाँडा सिँचाई लगायतका अन्य सिँचाई निर्माण गरिनेछ ।

## ग) भवन तथा सहरी विकास

- हल सहितको सुविधा सम्पन्न गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण शुरुवात गरिनेछ ।
- तीन वर्ष भित्रमा सवै वडामा सुविधा सम्पन्न वडा कार्यालय भवन तथा सभाहल निर्माण गरिनेछ भने यस आर्थिक वर्षमा एउटा वडा कार्यालय भवन निर्माण गरिनेछ ।
- गाउँपालिकाले अगाडी बढाएका अधुरा भवन निर्माण कार्यलाई पूर्णता दिईनेछ ।
- पक्की भवन बनाउँदा नक्सा पास गर्न अनिवार्य गरिनेछ ।
- वडा कार्यालय भवन निर्माणको लागि संघीय सरकारले तोकेको मापदण्डको जग्गा निःशुल्क रुपमा प्राप्त गर्ने नीति लिइनेछ ।
- सूर्यगढी गाउँपालिका क्षेत्रभित्रका जग्गाहरु अध्ययन अनुगमन तथा सम्भाव्यता अध्ययन गरी नयाँ दररेट कायम गरिनेछ ।

## घ) उर्जा, लघु तथा साना जलविद्युत:

- विद्युत लाइन विस्तार भएको ठाउँहरुमा आगामी आ.व. भित्र विद्युत बाल्न आवश्यक समन्वय गरिनेछ ।
- गाउँपालिका भित्र सबै टोल बस्तीमा काठको पोललाई विस्थापित गरी फलामे पोल स्थापना गरीनेछ ।

## ङ) सूचना तथा सञ्चार तर्फ :

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- विकास निर्माण एवं सेवा प्रवाहमा प्रभावकारिता बृद्धि गर्न गाउँपालिका भित्र भएको सबै खाले तथ्याङ्क सङ्कलन, विश्लेषण एवं अद्यावधिक गरी प्रतिवेदन तयार गर्न सक्ने डिजिटल भिलेज प्रोफाईल प्रणालीको व्यवस्था गरिने छ।
- वडा कार्यालयहरुमा इन्टरनेटको स्तर वृद्धिका लागि आवश्यक कदम चालिने छ।
- पत्रकारीता, सञ्चार जगत् सँग विकास र सुशासनमा सहकार्य गरिने छ।
- सामाजिक सञ्जाल तथा आफ्नै वेभसाइटमा गाउँपालिकाका सूचनाहरुको प्रवाह गरिनेछ।
- गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन सि.सि. क्यामेरा जडान, ई–हाजिरी मेसिन जडान कार्यलाई प्राथमिकता दिइने छ।
- गाउँपालिका भित्रका कार्यालयहरुको पत्राचार इमेल मार्फत छिटो छरितो तरिकाले पठाउने व्यवस्था मिलाइने छ।
- जनप्रतिनिधि तथा कर्मचारीलाई कम्प्युटर तालिमको व्यवस्था मिलाइने छ ।
- जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रत्याभूत गर्न गाउँपालिकाले गरेका हरेक कामको जानकारी सूचना अधिकारी मार्फत गराउने व्यवस्था मिलाइने छ।
- गाउँपालिकाले पारित गरेका कानुनहरु राजपत्रमा प्रकाशित गरी जनतासम्म पुऱ्याउने व्यवस्था मिलाइने छ

## ४. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन :

- वातावरण संरक्षणको लागि गाउँपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक जग्गाहरुमा तथा सडक छेउमा माटो बग्ने कार्यलाई रोक्नको लागि वृक्षारोपण गरिनेछ
- समुदायमा विपद् व्यवस्थापन सम्बन्धि सतर्कता र सचेतना जगाउने कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरी पिडित घर परिवारलाई राहत सामग्री व्यवस्थापन गर्न सक्ने योजनाका साथ पूर्वतयारी गरिनेछ।
- प्राकृतिक प्रकोपबाट जोखिमयुक्त बस्ती पहिचान गरी व्यवस्थापन कार्यमा जोड दिइनेछ।
- गाउँपालिकामा विपद् उद्दार सामग्रीको व्यवस्थापन गरिनेछ।
- स्वास्थ्य सम्बन्धि महामारी रोग नियन्त्रण सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनको लागि गाउँपालिकाले वनको नर्सरी स्थापना गर्न जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालय सँग आवश्यक समन्वय गरिनेछ।
- प्राकृतिक प्रकोपवाट हुने जोखिमयुक्त बस्ती तथा ठाँउहरुको पहिचान गरी उचित तटबन्ध र वृक्षारोपण गरिनेछ।
- विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गरिनेछ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

- वातावरण मैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सूचक अनुसार कार्यक्रम अवलम्वन गरिनेछ।
- विपद् व्यवस्थापनको कार्यहरु सञ्चालनको लागि वातावरण तथा विपद् व्यवस्थापन समितिहरुलाई जिम्मेवार बनाइनेछ।
- खोला किनारबाट अनाधिकृत रुपमा ढुङ्गा, गिट्टि तथा वालुवा निकासी कार्यलाई पूर्णत रोक लगाई वैधानिक रुपमा निकासीको व्यवस्था मिलाइने छ।
- सामुदायिक वन ब्यवस्थापनमा जोड दिइनेछ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह :**

- सरल छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकता दिँदै दैनिक प्रशासनिक कार्य सञ्चालन गर्नको लागि आवश्यक पर्ने लेखा, पञ्जिकरण, सम्पती कर, योजना लगाएत सवै प्रकारका सेवा डिजिटल माध्यमबाट सरलिकृत गरी सेवाग्राहीहरुलाई चुस्त सेवा दिईने छ।
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिन कर्मचारीलाई उत्प्रेरणाको कार्यक्रम ल्याइने छ।
- जनप्रतिनिधि तथा कर्मचारीको समयानुकुल क्षमता विकासको लागि विभिन्न तालिम, गोष्ठि तथा प्रविधि मैत्री ज्ञानको विकासमा जोड दिइनेछ।
- सूर्यगढी गाउँपालिकालाई आर्थिक तथा सामाजिक क्षेत्रमा समृद्ध वनाउनको लागि (गरिवी निवारण, जातिय छुवाछुत मुक्त, वालमैत्री, वाल विवाह रहित जस्ता) विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।
- बालमैत्री गाउँपालिकाको विकासको लागि विकास पूर्वाधार विकास निर्माण गर्दा बालमैत्री बनाइने छ।
- गाउँपालिकालाई मादक पदार्थ मुक्त क्षेत्र वनाउन चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाको आवधिक तथा रणनैतिक योजना निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ।
- सरकारी, सहकारी तथा निजि क्षेत्र सँग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विषयगत विज्ञसँगको परामर्शमा विकास निर्माण कार्यलाई अगाडि बढाइनेछ।
- अनुगमन कार्यलाई मासिक रुपमा क्षेत्र तथा दिन तोकी नियमित गरिनेछ।
- सूर्यगढी गाउँपालिकामा राम्रो कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ।
- ‘एक वडा एक सामाजिक परिचालक’ कार्यक्रमलाई निरन्तरता दिइनेछ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

## ६. वित्तीय व्यवस्थापन र सुशासन

### क). राजश्व परिचालन तर्फ :

- कर तिर्नु जनताको दायित्व हो भन्ने धारणाको विकास गर्न समुदाय तथा वडा तह सम्म कर सम्वन्धि चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रगतिशिल सम्पत्ति कर प्रणाली लागू गरी गरिव जनताबाट उठाइने करमा कमी गरिनेछ ।
- राजश्व सङ्कलन कार्यलाई प्रभावकारी र पारदर्शी वनाउनको लागि सफ्टवेरको विकास गरी लागू गरिनेछ ।
- सङ्कलित कर समयमै गाउँपालिकाको खातामा जम्मा गराई यसको पारदर्शितामा जोड दिइने छ ।
- कर उठाउने कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा सँग कार्य सम्पादन करार सम्झौता गरिनेछ र सम्झौता बमोजिम कर उठाउने वडा कार्यालयका कर्मचारीलाई पुरस्कृत हुने व्यवस्था मिलाइनेछ ।
- उपलब्ध श्रोतहरुको प्रभावकारी तथा दिगो परिचालन गर्दै गाउँपालिकाको आन्तरिक श्रोत वृद्धिको लागि राजश्वका थप क्षेत्रहरुको खोजी गरिनेछ ।
- राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरी संस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइनेछ ।
- गाउँपालिकाको ५ नं. वडामा रहेको ढुङ्गा खानीवाट सञ्चालित कम्पनीसंग करका क्षेत्रहरु बारे आवश्यक छलफल गरी थप राजश्व सङ्कलनको प्रयास गरिनेछ ।

### ख). वित्तीय अनुशासन र सुशासन तर्फ :

- गाउँपालिकालाई दीर्घकालिन आर्थिक भार तथा दायित्व वृद्धि नहुने गरी निर्णयहरु गरिने छ ।
- आर्थिक ऐन र खरिद ऐनको पूर्ण अधिनमा रहि उपभोक्ता समिति मार्फत हुन सक्ने कार्यहरु सोही मार्फत र नसक्ने ठूला कार्यहरु टेण्डर मार्फत गर्ने नीति लिइनेछ ।
- योजना सञ्चालन गर्दा उपभोक्ता लागत सहभागीता १०% लाई निरन्तरता दिइने छ ।
- योजना सञ्चालन गर्दा उपभोक्तको तर्फवाट व्यहोर्न पर्ने जनसहभागिताको रकमको दुरुपयोग हुन नदिन उपभोक्ताले लागत सहभागिता बापत उठाउनुपर्ने १०% रकम गाउँपालिकाको खातामा जम्मा गरे पश्चात मात्र योजना सम्झौता हुने व्यवस्था मिलाइनेछ ।
- आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै विकास योजनाहरु समयमै सम्पन्न गर्ने वातावरण मिलाईने छ । यस आर्थिक बर्षबाट गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमहरु अनिवार्य रुपमा सुत्र प्रणाली मार्फत सञ्चालन गर्नुपर्ने नेपाल

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

सरकारको नीति अनुरुप कार्यान्वयन हुने व्यवस्था मिलाईने छ । व्यक्ति विशेष भन्दा लक्षित वर्ग तथा सामुदाय लाभान्वित हुने योजनालाई प्राथमिकता दिई वस्ती स्तरबाट छनौट भई आएका सहभागितामूलक योजना सञ्चालन गरीनेछ । टुक्रे योजना नियन्त्रण गर्न ३,००,०००।- (तीन लाख) घटिको योजनालाई प्राथमिकतामा नराख्ने नीति लिईएको छ ।

- कुनै पनि योजनाको जीवन्त तत्व उपभोक्ता समिति भएको हुँदा उपभोक्ता समितिको क्षमता विकासको लागि वडा वडामा उपभोक्ता समितिको क्षमता विकासको लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरेक योजनामा अनिवार्य रुपमा होडिङ्ग बोर्ड राख्न लगाइने छ र सो बापतको रकम इष्टिमेटमा नै व्यवस्था गरिनेछ ।
- योजनाको सम्झौता अवधि पौष मसान्त भित्र गरिनेछ ।
- योजनाको फरफारक जेष्ठ मसान्त भित्र गरिनेछ ।
- अघिल्लो आ.व.का वेरुजुलाई फर्स्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- लैंगिक उत्तरदायि वजेट निर्माणमा जोड दिईने छ ।
- सुसासन प्रवर्द्धनमा जोड दिन गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेख गर्ने, सुझाव सुन्ने, त्यसको रेकर्ड राख्ने तथा गुनासो सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।
- सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा सञ्चालन गरिनेछ, नागरिक वडापत्र आदिको माध्यम द्धारा वडा तथा गाउँपालिका तहमा सुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- विकास निर्माणका गतिविधिहरु आम नागरिक सँग पुर्‍याउनको लागि सञ्चार माध्यमको प्रभावकारी उपयोग गरिनेछ ।
- प्रचारमुखी भन्दा प्रभावमुखी विकास निर्माण र सेवा प्रवाहमा जोड दिइने छ ।
- सञ्चार क्षेत्रको प्रभावकारी परिचालन तथा सूचना सम्प्रेषण गर्न तथा सञ्चार क्षेत्रँगको सम्पर्क समन्वयलाई एकरुपता ल्याउन जिल्ला पत्रकार महासघं सँग समन्वय गर्दै एक अर्काको परिपुरकको रुपमा अगाडि बढीने छ ।

यस गाउँपालिकाका गौरवका आयोजनाहरु, गाउँपालिकाको स्रोत तथा साधनले धान्न नसक्ने ठूला योजनालाई कार्यान्वयन गर्नको लागि केन्द्र सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय समक्ष पेश गर्ने गरि प्रस्ताव गरेको छु । मोटरबाटोको स्तरोन्नती गर्ने, राष्ट्रिय प्रसारणको लाइन घरघरमा पुर्‍याउने, गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको सुरुवात गर्ने लगायतका मुख्य मुख्य आयोजनाहरु सञ्चालन गरिनेछ । साथै विकासमा साझेदारी गर्न सिमाना जोडिएका गाउँपालिका तथा नगरपालिका सँग समझदारी कायम गरी साझेदारीमा विकास निर्माणको कामलाई अगाडि बढाइनेछ ।

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

सुर्यगढी गाउँपालिका,चोकदे,नुवाकोट
आ.व २०७७/७८ को नीति तथा कार्यक्रम

सूर्यगढी गाउँपालिकाको आगामि आर्थिक वर्ष २०७६।०७७ को विकास निर्माण आयोजना तथा कार्यालय सञ्चालनको लागि यस गाउँपालिकामा प्राप्त संघीय तथा प्रदेश ससर्त कार्यक्रम, वित्तीय समानिकरणबाट प्राप्त रकम, राजश्व बाँडफाँड बाट प्राप्त रकमका साथै गाउँपालिकाको राजश्व परामर्श समितिले पेश गरेको प्रतिवेदनका आधारमा तोकिएको आन्तरिक राजश्व, यस गाउँपालिकाले चालु आ.व.मा खर्च गर्न नसकेको रकम र जनसहभागिता बापत योजनाको लागि उठ्ने रकम व्यवस्थापन गरी आयोजना तथा दैनिक प्रशासन सञ्चालन गरिनेछ ।

७ उपाध्यक्ष लगायत सदस्यज्यूहरु,

गाउँपालिकाले हालसम्म प्राप्त गरेको उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक, सामाजिक, र साँस्कृतिक सबै क्षेत्रको तीब्र विकास गरि समृद्ध सूर्यगढी र सुखी सूर्यगढीको आकाङ्क्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०७७०७८ को नीति तथा कार्यक्रम पेश गरेको छु । यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नेपाल सरकारले तोकेको लक्ष्य तथा राष्ट्रिय एकता, राष्ट्रिय हित र स्वाभिमान मजबुत हुनुका साथै तीब्र दरको आर्थिक बृद्धि हासिल गर्न समेत सघाउ पुग्नेछ । सूर्यगढी नुवाकोट जिल्लाभित्र उदीयमान, विकासशिल गाउँपालिकाको रुपमा स्थापित गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीको योगदान अमूल्य हुने भएकोले यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास व्यक्त गर्दछु । अन्त्यमा आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भुमिका निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजिवी, नागरिक समाज, बुद्धिजिवी, सञ्चार जगत तथा सम्पूर्ण सूर्यगढी बासीहरुलाई धन्यबाद ज्ञापन गर्न चाहन्छु । सूर्यगढी गाउँपालिकाको विकासमा साथ सहयोग गर्ने अन्य छिमेकी गाउँपालिका,नगरपालिका, गैर सरकारी संस्थाहरुलाई समेतलाई धन्यबाद दिन चाहन्छु ।

धन्यवाद !

आ.व २०७७/७८ को नीति तथा कार्यक्रम